संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
# मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क साप्ताहिकको सह-प्रकाशन

मुलुकी दैनिकको नयाँ विज्ञापन दर
आवरण पृष्ठ: प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठ: प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ: प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुरा: ४५,०००/-
अन्तिम पृष्ठ पुरा ६०,०००/-
आवरण पृष्ठ आधा: ३५,०००/-
ज्याकेट: ७५,०००/-
नोट: रु.२०,०००/- भन्दा माथिको बिलमा मूल्य अभिवृद्धि कर जोडिनेछ

■ बर्ष-१६, ▶▶ अंक २८६ ▶▶ बैशाख २३ गते बिहिबार,२०७८, May-6 Thursday, 2021, यलेदुङ किरात सम्बत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्यरु. २५/- www.majhkharka.com



***खोई त हातमा पन्जा*** *। त्रियुगा नगरपालिका खोई त नगरपालिकाको सरसफाईकर्मीहरुलाई सरसफाई गर्दा हातमा लगाउने पन्जा । तस्बिर - बुद्धि चामलिङ ।*

## उपभोक्ता मञ्चले ज्ञापनपत्र बुझायो

❖ मुलुकी संबाददाता


*बोक्से, वैशाख २२*

राष्ट्रिय उपभोक्ता मञ्च नेपाल उदयपुर शाखाले बुधवार जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएको छ।

कोरोना भाइरसका कारण समुदायमा संक्रमणको खतरा बढेको भन्दै मञ्चले प्रमुख जिल्ला अधिकारी मार्फत ज्ञापन पत्र बुझाएको हो ।

मञ्चका अध्यक्ष बद्री प्रसाद काफ्लेले आफ्ना मागहरु एक साताभित्र कार्यन्वयन हुने बताए। नाली, सडक पेटीमा कोरोना भाइरसको औषधी छर्नुपर्यो, दैनिक उपभोग्य बस्तुको मुल्य नियन्त्रण हुनुपर्ने, स्थानीय तहबाट स्थानीय सरकारले अनुगमन गर्नुपर्ने, कालावजारी नियन्त्रण गर्नुपर्ने जस्ता आफ्ना मागहरु रहेको अध्यक्ष काफ्ले बताए ।

ज्ञापन बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी विनोद



पोखरेलले ज्ञापनपत्र एकसाता भित्रमा कार्यन्वयनको लागि पक्रिया अगाडी बढाउने वताएका थिए । उदयपुरमा २०५६ साल देखि राष्ट्रिय उपभोक्ता मञ्च गठन भयर सक्रिय रुपमा काम गर्दै आएको अध्यक्ष काफ्ले जानाकारी दिए ।

ज्ञापन पत्र वुझाउनेहरुमा अर्जुन खड्का, तेज बहादुर अधिकारी, इश्वर कटुवाल, अर्जुन सुन्दास, अमित तामाङ, विश्वराज राई सहभागी थिए ।

### उदयपुरमा कोविड कहर

## कुनकुन अस्पतालमा छ अक्सिजन सिलिण्डर

❖ महेश्वर चामलिङ

*उदयपुर, वैशाख २२*

कोविड भेरिएन्ट (कोविड २)का बिरामी अक्सिजन नपाएर धमाधम मृत्यु रोज्न बाध्य भईरहेका बेला उदयपुरमा अक्सिजनको अवस्था कस्तो छ भन्ने जिज्ञासा धेरैलाई छ। अक्सिजन अभावकै कारण बिरामीले ज्यानु गुमाउनुपर्ने दुखद बाध्यता आई पर्न नदिन उदयपुरका अस्पतालहरुले कस्तो पूर्व तयारी गरिरहेका छन् या अक्सिजन उपलब्ध छ कि छैन र उपचार यही संभव छ छैन भन्ने कुरा आम चासोको विषय हो ।

५० शैयाको उदयपुरर जिल्ला अस्पताल, २२ शैयाको उदयपुर कोविड अस्पताल, कटारीमा १५ शैया, चौदण्डीगढीमा १५ शैयाको बेलटार नगर अस्पताल, बेलकामा १० शैयाको नगर अस्पतालसहित ताप्ली, उदयपुरगढी, लिमचुङबुङ तथा रौतामाई गाउँपालिकामा पछिल्लो समय १०/१० शैयाका गाउँ अस्पताल सञ्चालनमा छन्। यसरी अस्पतालहरु सञ्चालनमा भए पनि अक्सिजन के कति अवस्थामा उपलब्ध छ भन्ने बारेमा मुलुकीले सोधीखोजी गरेको छ।

अधिकांश अस्पतालहरु भर्खर सञ्चालनमा ल्याइएकाले अक्सिजन उपलब्ध नभएको पाइएको छ। महामारीको रुप लिइरहेको कोविड संक्रमणकालमा जटिलखाले बिरामीलाई उपचार गर्न अक्सिजन नभई नहुने भएकाले अहिले यो मुख्य चासोको विषय हो । गम्भीर संक्रमितलाई

*-बाँकी २ पेजमा*

### *उदयपुरमा संक्रमितको सङ्ख्या १ सय ५ पुग्यो*

❖ मुलुकी संबाददाता

*गाईघाट, वैशाख २२*

*उदयपुरमा बुधबार थप २७ नयाँ कोविड भेरिएन्टका संक्रमित देखा परेका छन्। १४ महिला र १३ पुरुष थपिएसँगै जिल्लामा कोविड संक्रमितको संख्या १ सय ५ पुगेको जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ।*

*यसअघिजस्तै सबभन्दा बढी संक्रमितहरु त्रियुगा नगर पालिकामै देखिएका छन् । बुधबार का २७ मध्ये १० महिलासहित १८ संक्रमित त्रियुगाका छन् । त्यस्तै चौदण्डीगढी नगरपालिकाका ४ मध्ये २ महिला छन् । कटारीका ५ संक्रमितमध्ये १ महिला र ४ पुरुष तथा १ पुरुष संक्रमित बेलका नगर पालिकाका छन् ।*

*१ महिलासहित ३ जनाको हालसम्म ज्यान कोविडका कारण गएको छ। एक महिलाको वैशाख ५ गते बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको थियो भने एक पुरुषको अघिल्लो दिन र बुधबार थप एक पुरुषको बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारको क्रममा मृत्यु भएको स्वास्थ्यले जनाएको छ । बेलटारका ७० वर्षीय बृद्धमा उपचारको क्रममा अस्पतालबाटै कोविड संक्रमण भएको आफन्तले जनाएका छन् ।*

*घुमफिरको क्रममा भारतको सिलिगुढीमा लडेर घाईते भएका उनी केही समयअघि घर आएर उपचारका लागि धरान लगिएका थिए। उपचारकै क्रममा दुईपटकको परीक्षणमा कोविड नेगोटिभ देखिएको उनीमा सोमबारको परीक्षणमा भने पोजेटिभ देखिएका थिए। पोजेटिभ देखिएको दुईदिनमै उनको मृत्यु भएको आफन्तले जनाएका छन् ।*









***ग्राहकलाई चटारो*** *। पहिलो तस्विर। गाईघाटस्थित पाण्डे किराणा पसलमा दैनिक उपभोग्यवस्तु किन्नमा हतारो स्थानीयहरु। दोस्रो तस्विर। गाईघाटको मुख्य चोकमा बुधबार बनेको सडकपेटी। अझै ६ ठाउँ नाली बन्न बाँकी छ। तस्विर - बुद्धि चामलिङ।*




## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

**त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसँगै जोडिएको।**
**प्रोपाइटर:-बिनोदकुमार पाण्डे**
**सम्पर्क:- ९८५२८३०५८२**
***यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।***


## गाईघाटको तरकारी बजार भाउ



१, आलु रु ३०
२, अदुवा रु १००
३, टमाटर रु ३०
४, बन्दा रु ४०
५, भेन्टा रु ४०
६, खुर्सानी रु १००
७, मुला रु ६०
८, पर्बल रु १००
९, तितेकरेला रु ६०
१०, भिन्डी रु ५०
११, च्याउ रु २००
१२, फुलकोबी रु १००
१३, फर्सि रु ३०
१४, कटहर रु ६०
१५, काका रु ४०
१६, धनियाँ रु १५०
१७, लोकलबोडि रु ८०
१८, खर्बुजा रु ४०
१९, रायो साग रु ८०
२०, लट्टे साग रु ४०
२१, प्याज रु ५०

## *उदयपुरमा......*

अत्यावश्यक हुने अक्सिजन, आईसियु तथा भेन्टिलेटरको व्यवस्था उदयपुरमा पर्याप्त नभए पनि काम चलाऊ भने रहेको पाइएको छ।

उदयपुर जिल्ला अस्पतालमा १० थान साना (५ लिटर) र १० थान ठूला (१०) लिटरका गरी २० थान अक्सिजन सिलिण्डर मौज्दात रहेको मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. जीवनारायण मण्डलले बताएका छन्। उनका अनुसार नेपाल सरकारको नियमानुसार ५० शैयासम्मका अस्प्तालमा २० थान अक्सिजन सिलिण्डर राख्न दिने व्यवस्था अनुसार अक्सिजन सिलिण्डर काम चलाउ अवस्थमा छ।

कुनै पनि बेला गम्भीर खाले बिरामी आउन सक्ने भएकाले अक्सिजनको व्यवस्था गरिएको डा. मण्डल बताउँछन्। अहिले कोविड माहामारीको समय भएकाले जटिल बिरामीलाई अक्सिजन अनिवार्य तयारी हालतमा राखिएको डा. मण्डल्ले बताए। २० थान सिलिण्डरबाट एकैचोटी २० जनासम्मलाई उपचार गर्न सकिने र खाली भएका सिलिण्डर भर्न पठाउँदा तत्काल पाइयो भने धैरै बिरामी बचाउन सकिने डा. मण्डल बताउँछन्।

'पर्याप्त मात्रामा नभए पनि हुँदै नभएको अवस्था होईन, बजारमा अक्सिजन किन्न नपाइए चिन्ताको कुरा हो तर, सिलिण्डर अभावमा बिरामी तड्पिनु पर्ने अवस्थ भने छैन' डा. मण्डलले भने '२० थान सिलिण्डरले गम्भीर खालका २०(४० जना बिरामीलाई पालो गरी उपचार गर्न सकिन्छ।' तर, बिरामीको चाप एक्कासी बढ्यो भने चाही समस्या आउन सक्ने भएकाले थप सिलिण्डर व्यवस्था गर्नेतर्फ पनि अस्पतालले तयारी गरिरहेको उनले बताए।

गतवर्षको कोविड कहरकै बेला जिल्लाको चौदण्डीगढी नगरपालिका ६ सातधारेस्थित बेलटारमा स्थानीयतहहरुको सक्रियतामा उदयपुर कोविड अस्प्ताल सञ्चालनमा ल्याएको छ। त्यहाँ पनि १० थान अक्सिजन सिलिण्डर तैनाथ हालतमा राखिएको नगर स्वास्थ्य संयोजक तेजबहादुर पोखरेलले बताए। उनका अनुसार २ थान साना र ८ थान ठूला अक्सिजन सिलिण्डर कोविड अस्पतालमा तैनाथ गरेर राखिएकोमा ३ वटा प्रयोगमा ल्याइएको छ। दुईदिनअघि भर्ना भएका गम्भीर खालका कोविड संक्रमितलाई अक्सिजन दिएर उपचार भईरहेको उनले बताए।

चौदण्डीगढी नगरप्रमुख खगेन्द्र राईले कोविड अस्पतालमा १० थान र नगर अस्पतालमा १० थान अक्सिजन सिलिण्डर तैनाथ राखिएकाले तत्काल गम्भीर बिरामीलाई उपचार गर्न खाँचो नहुने बताए। मेयर राईका अनुसार दुवै अस्पतालमा गरी २० थान सिलिण्डर मौज्दात रहेको थप सिलिण्डरको माग गर्दै प्रदेश स्वास्थ्य निर्देशनालयमा पत्राचार गरिएको छ।

बजारक्षेत्रमा सामान्य अक्सिजनको जोहो भए पनि गाउ अस्पतालमा भने कुनै व्यवस्था नभएको स्थानीय स्वास्थ्य संयोजकहरुले बताएका छन्। लिमचुङबुङ गाउँ अस्पताल बाराहामा भर्खरै सञ्चालनमा आएको १० शैयाको अस्पतालमा अक्सिजन सिलिण्डर नभएको स्वास्थ्य शाखा प्रमुख नौलसेर राईले बताए। उनका अनुसार बर्थिङ सेन्टरमा भने सुत्केरीलाई आवश्यक पर्नसक्ने भन्दै एक(एक थान सिलिण्डर जोहो गरेर राखिएको छ। तर, अस्पतालकै लागि भने हाललाई कुनै व्यवस्था नभएको र किन्ने कार्यक्रम पनि छैन। भर्खरै सञ्चालनमा आएको अस्प्ताल भएकाले अक्सिजन सिलिण्डर राख्ने कुनै योजना नभएको राईले बताए।

उता, ताप्ली, उदयपुरगढी, रौतामाई गाउँ अस्पतालहरुमा पनि अक्सिजन सिलिण्डरको व्यवस्था नभएको बताइएको छ। सदरमुकाम र बजारक्षेत्रबासीलाई अक्सिजन समस्या उत्ति नपरे पनि सडकको दुरावस्था, वर्षाको मौसम र दुर्गम ठाउँ भएकाले कोविडले साह्रो पार`मामा गाउँले जीवनलार्य अक्सिजन सिलिण्डरको अभावले कठिनाई हुने आँकलन गरिएको छ। जिल्लाका पहाडी गाउँपालिकाहरु अत्यन्त बिकट, अधुरा कच्ची सडक र वर्षायाममा पहिरो र हिलाम्य हुने हुँदा सदरमुकाम आउन १२ घण्टादेखि २ दिनसम्म लाग्ने दुरीका छन्।

जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले सबै अस्पतालमा अक्सिजनको पहुँच नपुगेको जनाएको छ। साविकका प्रत्येक गाविसका साविक उपस्वास्थ्य चौकीलाई स्वास्थ्यचौकीमा स्तरोन्नति गरिएको र त्यसैलाई भर्खर मात्र गाउँ अस्पतालमा परिणात गरिएको हुनाले अक्सिजनको पहुँच नहुनु स्वभाविक भएको स्वास्थ्य कार्यालय प्रमुख मोहन सुबेदी बताउँछन्।

गाउँमा अक्सिजन भए पनि दक्ष जनशक्ति अभाव भएकाले जटिलखालका बिरामीलाई तत्काल सदरमुकाम र सुविधासम्पन्न अस्पताल रिफर गर्नु नै अन्तिम बिकल्प रहेको उनले बताए।

# कुटपिटबाट एकको मृत्यु

❖ मुलुकी संबाददाता

*उदयपुर, वैशाख २२*

उदयपुरका एक स्थानीयको दाजुको कुटाईबाट मृत्यु भएको छ ।

सामान्य घरासयी बिबादमा दाजु पुलकित चौधरीको कुटाईबाट त्रियुगा नगरपालिका ९ चौकीबारीका खुसीलाल चौधरीको बुधबार मध्यान्ह मृत्यु भएको हो ।

५० वर्षीय पुलकितले ३६ वर्षीय खुसीलाललाई गत सोमबार कुटपिट गरेको र घाईते भई उपचारका लागि बिराटनगर लाँदा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । कुटपिटबाट घाईते खुसीलाललाई अस्थायी प्रहरी चौकी चुहाडेले बुधबार विहान उपचारार्थ जिल्ला अस्पताल उदयपुर ल्याएकोमा त्यहाँ नसकेपछि बिराटगर पठाएको थियो ।

बिराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारको क्रममा मध्यान्ह खुसीलालको मृत्यु भएको प्रहरीले जनाएको छ । उनको मृत्युपछि कुटपिट गर्ने दाजु पुलकितलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।




नेपाल सरकार
गृह मन्त्रालय
## कारागार व्यवस्थापन विभाग
## कारागार कार्यालय, उदयपुर
(फोन :- ०३५-४२०१०२)

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**


प्रकाशन मिति २०७८।०१।२३

यस कार्यालयबाट मिति २०७८।१।१४ गतेको [illegible] राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित Construction of Udayapur Jail Compartment of Prison office, Udayapur सम्बन्धि सूचना अनुसार यस कार्यालयको [illegible] भवन निर्माणको लागि सिलबन्दी दरभाउ माग गरिएकोमा [illegible] बोलपत्रहरुको मूल्यांकन गर्दा उपलब्ध बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले मूल्यांकन समितिबाट स्वीकृतको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ उपदफा १,२ र ३ र सोहि ऐनको दफा ४९ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक( मू.अ.कर बाहेक ) |
| --- | --- | --- | --- | --- |
| १ | PO/UDAYAPUR/SQ /Works/02-2077/78 | Construction of Karagar Office Building, Udayapur | 1. Shaubhagya Nirman Sewa Triyuga -11 | रु ५१,४४,९०७.९२ (अक्षेरुपी एकाउन्न लाख चौवालिस हजार नौ सय सात पैसा बयानब्बे मात्र) |

कार्यालय प्रमुख






# धनगढी शीर्ष चारमा पुग्ने पहिलो टोली

❖ बिबेक राई

*गाईघाट, बैशाख २२*

कमजोर प्रदर्शनकाबावजुदजीतनिकाल्दै भाग्शालीबन्दै धनगढि एफसी खुकुरी सुपर लिगको शिर्ष चारमा पुग्ने पहिलो टोली बनेको छ। त्रिपुरेश्वर स्थीतदशरथ रंगशालामाबुधबार भएको खेलमापोखरा थण्डर्सलाई १(० ले हराउँदै एक खेलअगाडि नैधनगढिले कम्तीमाप्लेअफअर्थात नकआउट चरणको लागि स्थान सुरक्षित गरेको हो। खेल अवधिभर १७ आक्रमण गर्दा नौ अन टार्गेट गरेको पोखराको तुलनामाजसोतसो मात्रतीन आक्रमणमा दुई अन टार्गेट राख्दै एकमागोल गर्न सफल धनगढि भाग्यमानी साबित भयो।

राम्रो खेल पस्कन नसकिरहेको बेलाधनगढिका प्रशिक्षकयुगलकिशोर राईले३३ औं मिनेटमा आफ्ना भरपर्दा खेलाडी ओलावाले अफिजलाई मैदानबाहिर ल्याउनु परेको थियो । अहिलेसम्म जारी लिगमा सबैभन्दा बढि चार गोल गर्न सफल स्ट्राइकर अफिज ह्यामिस्ट्रिङका कारण घाईते हुँदै मैदान छाड्नुपर्दा धनगढि अभागिजस्तो देखिएको थियो। तर उनको स्थानमा मैदान छिरेको दर्शन गुरुङले अपत्यारिलो गोल गरेपछि धनगढि भाग्यमानी साबित भयो।

६८ औं मिनेटमा पासमाआएको ड्रप बलमा गुरुङले डिबक्स बाहिरबाट लामो भलीप्रहार मार्फत बललाई जालिचुमाए । उनको प्रहार बाहिरिने अनुमानलाएकापोखराकागोलरक्षक दिपकार्कीले गोलपोस्टको गोललाइनबाट हातमात्र उठाएका थिए। पोखराको तुलनामा धेरै कम आक्रमण प्रयास गरेको धनगढिले कर्नर मौकापनिथोरैमात्रसिर्जना गर्न सकेको थियो। पोखराले सात कर्नर प्रहार गर्दा धनगढिले चार कर्नर मात्रपाएको थियो ।

पोखराविरुद्ध दबेर खेलेपनिपाएको बल्लबल्लको मौकामागोल गर्नसक्नुले धनगढिले फुटबलमा भाग्यको पनिमहत्वहुने देखायो । पोखराको सबैजसो आक्रमणलाई विफलतुल्याउन सफल धनगढिका डिफेन्डर अशोक खवास र गोलरक्षक तथाकप्तान किरण चेम्जोङ लिम्बूपुरस्कारसमेत जित्न सफलभए। खवासले निभियाइमर्जिङ प्लेयर हुँदै गिफ्ट ह्याम्पर र दशहजार तथालिम्बूले हुवावे सुपर प्लेयर अफ द म्याचहुँदै ट्रफि र पच्चिस हजार हातपार्न सफलभए।

एक गोलको अग्रताकायम राख्दै जीतको उदेश्यमा धनगढिले अनावश्यक रुपमा समय कटाउन खोजेको भन्दै रेफ्रिप्रज्वल क्षेत्रीले ७६ औं मिनेटमा सौजन राई र अन्तिम केहि सेकेण्डमा गोलकर्ता गुरुङलाई पहेँलो कार्ड दिएकाथिए । पोखराकाअजित भण्डारी र कप्ताननवयुगश्रेष्ठले पहेँलो कार्ड पाए। धनगढिको तुलनामा धेरै आक्रमण बुनेपनिपाएकाअवसर सदुपयोग गर्न नसक्दापोखरा हार स्वीकार्नु बाध्यभयो।

३९ औं मिनेटमा मौसाको सुन्दर फ्रिकिकमा रविपासवानले विपक्षिगोलरक्षक बिट भइसकेको अवस्थामागोल गर्न सकेनन्। लगत्तै आएको रिबाउण्ड बलमापनि छेउमै रहेका कप्तानश्रेष्ठले गोल गर्न सकेनन् । ७० औं मिनेटमा मन बहादुर तामाङको लामो पासमासब्स्टीच्युट कप्तानअनिल गुरुङका हेडलाई गोलरक्षकले नियन्त्रणमा लिए । अनिल ६७औं मिनेटमा मिडफिल्डर नितिनथापाको स्थानमा मैदानआएकाथिए ।



*फुटबल मोह। थरुहट रंगशाला उदयपुर गाईघाटमा बुधबार उमेर समुहका १५ बर्ष मुनिका फुटबल खेलाडीहरु अभ्यास गर्दै। तस्विरः बिधायक राई*

जीतपछि १० अंकबनाउँदै धनगढि लिगतालिकाको शिर्षस्थानमाउक्लिएको छ र अब बाँकी रहेको एक खेल हारेपनिशिर्ष चारमा पुग्न सफलभएको छ। जारी लिगमाप्लेअफपुग्ने धनगढि पहिलो टोली बनेको छ । हारेपनिपाँचौ स्थानको पोखराको शिर्ष चारमा पुग्ने गणीतिय सम्भावनाभने कायमै छ । जारी लिगमाअहिलेसम्म सबैभन्दाथोरै एउटामात्र गोल गर्ने पोखरामात्र एक टोलीहो। उसले बिराटनगर विरुद्ध एकगोल गर्दै जितहातपारेको थियो।

खेलपछिएन्फाअध्यक्षकर्माछिरिङ शेर्पाले बुधबार एन्फादिवस भएपनि कोरानाको कारण मनाउननपाएको तर कोरनाकोबीचभइरहेको नेपाल सुपर लिग सञ्चालनकालागिजिल्लाप्रशासनकार्यालयदेखि सरकारको क्याबिनेटसम्मलाई धन्यवाददिनुपर्ने बताएका छन्। उनले यस लिगले नेपाली फुटबल विकासमाजोड दिने र अगामिदिनमापनि यस्ताखालको प्रतियोगिताल्याउने बताए।


## बिक्रिमा

## चलिरहेको होटल बिक्रिमा



गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला। सम्पर्क -९८४२९९४३३०




## स्थानीय उत्पादन उपयोग गरौं,

## रौता साबुन नै प्रयोग गरौ !



## हामी सबैको
## रोजाइ रौता साबुन






माझखर्क साप्ताहिकको सह प्रकाशन
मुलुकी

प्रकाशक/संस्थापक संपादकः महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : माझखर्क अफसेटप्रेस, गाईघाट